**आप्रवासी विद्यार्थीका लागि आवश्यक सिकाई (टिम्स) (TEAMS)**
**(Teaching that Matters for Migrant Students: TEAMS)**

**स्कटल्यान्ड, फिनल्यान्ड र स्वीडेनमा एकीकरणको संयन्त्रको बुझाई**

**अभिभावक र हेरचाह गर्नेहरुका लागि टिम्सको जानकारी पेज (संस्करण २)**

नोटः यो फाराम अन्य भाषा र स्वरुपमा पनि उपलब्ध छ।

**तपाईको बच्चाको विद्यालयले अनुसन्धान परियोजनामा सहभागिता जनाउनुलाई टिम्स भनेर बुझ्नुपर्छ।**

**टिम्स के हो ?**

टिम्स स्कटल्यान्ड, फिनल्यान्ड र स्वीडेनका विद्यालय संलग्न हुने एक अन्तर्राष्ट्रिय अनुसन्धान परियोजना हो। स्कटल्यान्डमा सो परियोजना एडण्वरा विश्वविद्यालयबाट सञ्चालित छ। यस परियोजनाका प्रमुख अनुसन्धानकर्ता डा. नतासा पान्टिच हुनुहुन्छ। शिक्षक तथा विद्यालयका अगुवाहरुले माध्यमिक विद्यालयका अप्रवासी विद्यार्थीहरुको आवश्यकता पुरा गर्न सहयोग गरोस् भन्ने अनुसन्धानको उद्देश्य हो। आप्रवासी विद्यार्थी र उनीहरुका शिक्षकको अवसर, चुनौती र अवरोध बुझेर शिक्षक तथा विद्यालयका अगुवाहरुले सहयोग गर्नुपर्छ। हामीलाई आशा छ, यसले आप्रवासी विद्यार्थीहरुले आफूलाई पनि विद्यालय परिवारकै एक हिस्साको रुपमा महसुस गराउन मद्दत गर्नेछ। यसले अहिले मात्र होइन भविष्यमा पनि विभिन्न देशका अप्रवासी विद्यार्थीहरुलाई यस्तै महसुस गराउनेछ। यस परियोजनालाई एडिन्वरा काउन्सिल शहर, एडिन्वरा विश्वविद्यालय र तपाईंको बच्चाको विद्यालयको पूर्ण समर्थन रहेको छ।

यस अनुसन्धानमा हामीले स्कटल्यान्डको विद्यालयका अप्रवासी विद्यार्थीहरुको अनुभव पत्ता लगाउनेछौं। हामी अप्रवासी र अप्रवासी पृष्ठभूमी नभएका विद्यार्थीहरुबीचको अनुभवको तुलना पनि गर्नेछौं।

हामी तपाईंको बच्चाको विद्यालयका शिक्षक र अन्य अग्रजसँग अप्रवासी र फरक पृष्ठभूमीका विद्यार्थीसँग उनीहरुको अनुभव साट्ने प्रयास गर्नेछौं।

**यसले कसरी काम गर्छ ?**

अनुसन्धान टिमले स्कटल्यान्डका केही माध्यमिक विद्यालयमा रहेका अप्रवासी विद्यार्थी र उनीहरुका शिक्षकसँग मिलेर काम गर्नेछ। हामीले अपनाएको तरिकाअनुसार फिनल्यान्ड र स्वीडेनका अनुसन्धानकर्ताहरुले विद्यालयहरुमा काम गर्नेछन्। यो परियोजना सन् २०२३, फेब्रुअरीसम्म जारी रहनेछ। हामी तपाईको बच्चाको विद्यालयमा केही समयका लागि अथवा केही दिनका लागि, तीन महिनामा तीन अवधिका लागि अथवा एक वर्षभन्दा केही समय बढी रहनेछौं।

सबै गतिविधि विद्यालयमा, विद्यालय खुल्ने बेलामा हुनेछ। तपाईंको बच्चालाई थाहा छ, उनीहरुले गर्ने क्रियाकलापको समयमा शिक्षक अथवा अन्य सहयोगी स्टाफहरुको उपस्थिति रहनेछ र उहाँहरुले थप सहयोग गर्नुहुनेछ। जस्तो कि भाषामा समस्या छ भने त्यसमा सहयोग गरेर तपाईंको बच्चालाई सो गतिविधिमा सामेल गराइनेछ। अनुसन्धानको क्रममा विद्यालयले दिने महत्वपूर्ण काम र प्रतिवद्धतामा तपाईंको बच्चाको सहभागिता सुनिश्चित गरिनेछ।

**अनुसन्धान गतिविधि**

हामी विद्यार्थीहरुको समूह बनाउनेछौं। ती समूहको साथ हामी रचनात्मक कार्यशाला राख्छौं। सो कार्यशालामा उनीहरुले आफूलाई प्रस्तुत गर्न सक्नेछन्। उनीहरुले सहभागिता जनाएपछि धेरै कुरा सिक्नेछन्, सक्षम हुनेछन्। आफूले विषय चयन गरेर त्यसबारे हासिल गरेको अनुभवका बारेमा प्रस्तुति दिनेछन्। विद्यार्थीहरुले आफ्नो अनुभवको बारेमा सर्ट फिल्म निर्माण गर्न व्यवसायिक फिल्ममेकरसँग काम गर्ने अवसर पाउनेछन्। यो फिल्म निर्माणमा विद्यार्थीहरुको महत्वपूर्ण योगदान रहनेछ। त्यसपछि सबै विद्यार्थी समूहले अन्य समूह, परिवार र साथीहरुको अगाडि प्रस्तुत गर्नुपर्नेछ। हामीसँग परियोजनाका लागि वेबसाइट पनि छ। तपाई र तपाईंको बच्चाको स्वीकृती छ भने परियोजनामा तपाईंको बच्चाको काम वेबसाइटमा राखिनेछ।

शिक्षकहरुले विद्यार्थीहरुलाई कसरी काम गर्छ भन्ने निरिक्षण गर्न हामी केही कक्षामा पनि जानेछौं। हामी विद्यार्थी, शिक्षक र सहयोगी स्टाफसँग अध्यापन तथा सिकाइबारे छलफल गर्नेछौं। यस्तो कार्य गरेर हामी पनि स्कुल समूदायको एउटा हिस्सा बन्नेछौं।

हामी शिक्षकहरु र केही विद्यार्थीसँग उनीहरुको अनुभवबारे लामो कुराकानी गर्नेछौं। यदि तपाईंको बच्चासँग कुराकानी भयो भने त्यो करीब ३० मिनेटको हुनेछ। यदि तपाईं र तपाईंको बच्चा सहमत हुनुहुन्छ भने सो कुराकानीको अडियो रेकर्ड पनि गरिनेछ।

हामी तपाईंको बच्चाको समूहसहित केही उमेर समूहका सबै विद्यार्थीलाई अनलाइन सर्वेक्षणका लागि अनुरोध गर्नेछौं । सो सर्वेक्षण करीब २० मिनेटको हुनेछ । यसले विद्यार्थीले आफूलाई विद्यालयको एक हिस्साको रुपमा कस्तो महसुस गर्दछ भनेर बुझ्न सजिलो हुनेछ । सो सर्वेक्षणमा विद्यार्थीको स्कुलका सिनियर र अन्य विद्यार्थीसँगको सम्बन्ध, विद्यालयप्रतिको दृष्टिकोण तथा उनीहरुको परिवार र पृष्ठभूमिका बारेमा प्रश्न गरिनेछ । विद्यालयका स्टाफ सदस्य अर्को फरक सर्वेक्षणमा सहभागी हुनेछन् ।

**कोभिड- १९ को बारेमा**

विद्यालयहरु पूर्णरुपमा कहिले खुल्दैछ भन्ने निश्चित छैन । त्यसैले हामी विद्यालयकै गतिविधिअन्तर्गत केही अनलाईन प्रोजेक्ट क्रियाकलाप सुरु गर्ने योजनामा छौं । यसको मतलब विद्यालय बाहिर रहेका विद्यार्थी पनि ती क्रियाकलापमा सहभागी हुनसक्नेछन् ।

**के यो मेरो बच्चाले गर्नुपर्छ ?**

पर्दैन । तर हामीलाई विश्वास छ तपाइँ आफ्नो बच्चालाई परियोजनामा भाग लिन प्रोत्साहित गर्नुहुन्छ । यदि तपाइँ यस परियोजनामा आफ्नो बच्चाको सहभागितामा सहमत हुनुहन्छ भने मात्र यो कार्य हुनेछ । तपाईंको बच्चा पनि परियोजनामा सहभागी हुने कि नहुने भन्ने निर्णय गर्न स्वतन्त्र हुनेछ । निर्णय जुनसुकै भएपनि तपाईं र तपाईंको परिवारलाई समस्या हुनेछैन ।

कुनै पनि समयमा तपाईं र तपाईंको बच्चा परियोजनामा सहभागिताको सम्झौता रद्द गर्न स्वतन्त्र हुनुहुनेछ । तपाईंको बच्चाको बारेमा हामीसँग भएको जानकारी मेटाउन अथवा पढाईसम्बन्धी केही मुद्दा, चासो छन् भने कुनै पनि समय तल उल्लेख गरिएको सम्पर्क सूचना प्रयोग गर्न सक्नुहुनेछ ।

**सुचना साथमा भए के हुन्छ ?**

अनुसन्धान गर्दा सबैलाई सुरक्षित राख्न र व्यक्तिगत जानकारी सार्वजनिक नहोस् भन्ने हेतुले कडा नियम बनाइएको हुन्छ । एडण्वरा विश्वविद्यालयको नियम पालना गर्नु हामी टिम्सका सबैको कर्तव्य हो । सिटी अफ एडण्वरा काउन्सिलका साथै तपाईको विद्यालयका प्रधानअध्यापकले एक टिमको रुपमा हामीलाई यो प्रोजेक्ट गर्ने स्वीकृती दिएका छन् ।

अनुसन्धानका लागि दिइएको सबै जानकारीलाई गोप्य र सुरक्षित राखिनेछ । पहिचान भएका जानकारी पनि अनुसन्धान टिमभन बाहिर चुहिन दिने छैन । सबै जानकारी छुट्टै अज्ञात डाटामा सुरक्षित राखिनेछ । सो जानकारीले तपाईंको बच्चा र परिवारलाई पहिल्याउन नसकोस् भनी पक्का गरिनेछ ।

परियोजनाको समयमा अथवा परियोजना सकिएपछि केही रिपोर्ट प्रकासित गर्ने र सम्मेलनमा प्रस्तुतीकरण गर्ने योजना छ । यो कार्य गर्दा पनि परियोजनासँग जुडिएका सबै नाम र व्यक्तिगत विवरण खुलाइनेछैन । परियोजना सकिएपछि सबै डाटालाई सुरक्षितका साथ विश्वविद्यालय र राष्ट्रिय डाटा भण्डारमा राखिनेछ ।

हाम्रो प्रकाशनबारे थप जानकारी हासिल गर्न हाम्रो प्रोजेक्ट वेबसाइट https://migrant-education.net/outputs. मा जान सक्नुहुनेछ । यस वेबसाइटमा तपाईंको सहमतिमा तपाईंको बच्चाको तस्विर, चित्र र अन्य सिर्जनात्मक कार्य पनि राख्न सकिनेछ ।

**अब के ?**

यस परियोजनाको बारेमा तपाईंको बच्चालाई लिखित जानकारी दिइनेछ । तपाईंलाई यसबारे प्रश्न सोध्ने मौका पनि दिइनेछ । तपाईंको बच्चालाई अनुसन्धानमा सहभागी गराउनअघि तपाईंको मञ्जुरी लिइनेछ । यसका लागि तपाईंले मञ्जुरीनामा फाराममा हस्ताक्षर गर्नुपर्नेछ । तपाईंको बच्चाले पनि यस्तै मञ्जुरीना फाराममा हस्ताक्षर गर्नुपर्नेछ । यद्यपि तपाईंको इच्छा विना तपाईंको बच्चालाई अनुसन्धानमा सहभागी गराइनेछैन । तपाईं अथवा तपाईंको बच्चाले कुनै पनि समय सो मञ्जुरीनामा रद्द गर्नसक्नुहुनेछ । तपाई र तपाईंको बच्चाले यस अनुसन्धान कार्यलाई छोड्न चाहेमा कुनै समस्या हुनेछैन ।

थप जानकारीका लागि : तपाईंसँग भएका प्रश्नको उत्तर प्राप्त भएन भने कृपया तपाईंको बच्चाको सम्पर्कमा रहेका शिक्षकसँग कुरा गर्नुहोस् । उहाँले टिमसँग सम्पर्क गर्नका साथै तपाईंलाई थप जानकारी पनि दिनसक्नुहुनेछ ।

**यो जानकारी पढिदिएकोमा धेरैधेरै धन्यवाद ।**

सम्पर्क शिक्षक (थप जानकारीका लागि र अनुसन्धान टिमसँग सम्पर्क गर्न): David Dalgleish

तपाईंको डाटा हटाउन अनुरोध गर्नका लागि सम्पर्क गर्ने : marc.sarazin@ed.ac.uk

टिम्स प्रमुख अन्वेषक : natasa.pantic@ed.ac.uk

संयोजक : elaine.gray@ed.ac.uk

टिमबाहिरका व्यक्तिलाई सम्पर्क गर्नुपरेमा (कुनै विषय, सरोकार र उजुरीका लागि) : Dr. Fiona O'Hanlon fiona.ohanlon@ed.ac.uk